## प्रश्न नं. ५९

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ७०७६ देखि ७१९७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

धादिङ जिल्ला, त्रिपुरासुन्दरी गाउपालिका वडा नं.७ मोहनबहादुर बस्नेतको जाहेरीले नेपाल सरकार

विरुद्ध

धादिङ जिल्ला, त्रिपुरासुन्दरी गाउपालिका वडा नं.७ मा वस्ने बलराम खड्का

### मुद्दा : ज्यान सम्बन्धी कसुर

(१) मेरो परिक्षा समाप्त भएकोले मेरो आफ्नै काका नारायणबहादुर बस्नेत मलाई लिन भनी मिति २०७५।०८।०१ गते बेलुकी म बसी आएको बलराम खड्कको घरमा आई खाना खाई घरको माथिल्लो चोटामा छुट्टाछुट्टै खाटमा सुतिरहेको अवस्थामा अं.८ः३० बजेको समयमा बलराम खड्का आई मेरो काकालाई घरमा सुतिरहेको देखी किन यहाँ आइस् भनी गाली गलौज गरी एक्कासी मुक्का, लातले कुटपिट गर्न थालेपछि म स्थानीय मानिसहरुलाई बोलाई आउदा काकालाई बलराम खड्काले रगताम्य बनाई घरको कोठाबाट भ्कारी नजिकै रहेको निजको आमाको घरमा ल्याई पुर्‍याएको हो। भन्ने सुनिता बस्नेतको जाहेरी ।

(२) पुर्वमा मकैबारी, पश्चिममा जमुना खड्काको मकैबारी उत्तरमा सडक, दक्षिणमा बलराम खड्काको बुबम टोपबहादुर खड्काको मकैवारी यति चार किल्ला भित्र रहेको टोपबहादुर खड्काको कच्ची २ तले घरअगाडी आँगनको बीच उत्तानो अवस्थामा घाइते नारायणबहादुर बस्नेत रहेको। पश्चिमपटि कुखुराको खोरमाथि कोदालो फेला परेको घटनास्थलबाट कालो टर्चसमेत फेला पारी बरामद गरी लिएको **बरामदी तथा घटनास्थल मुचुल्का ।**

(३) मिति २०७५।०८।०१ मा म काठमाडौंबाट आफ्नो घर आउँदा गुम्दा गाँउपालिका वडा न ९ रातोमाटो बस्ने जाहेरवाली सुनिता बस्नेतलाई लिनको लागि ऐ. मितिमा मेरा घरमा आई बसेका अन्जान मानिस नारायण बस्नेतलाई देखी रिस उठी घाइते बनाई घरको माथिल्लो तलाबाट तल भयाङसमेतबाट फालेको हो । निजमाथि कोदालोसमेतले हानेको छैन भन्ने बेहाराको **प्रतिवादी बलराम खडकाको अधिकारप्राप्त अधिकारिसमक्ष गरेको बयान ।**

(४) कक्षा ११ को परिक्षा दिन बलराम खडकाको घरमा बसी आएकी जाहेरीवाली सुनिता बस्नेतलाई लिन गएका नारायण बस्नेतलाई प्रतिवादी बलराम खडकाले ज्यान लिने नियतले कुटपिट गरी घरको माथिल्लो तलाबाट फालिदिएको भन्ने कुरा सुनी थाहा पाएको हो। घाइतेलाई उपचारको लागि धादिङमा ल्याइ थप उपचारको लागि तत्काल काठमाडौं तर्फ पठाई उपचार भइराखेको छ । निजको अवस्था गम्भीर रहेकोले बोल्न , हिडडुल गर्न सक्दैनन् । निजको उपचार मोडल अस्पताल काठमाडौंमा भइराखेको छ । निज प्रतिवादी बलराम खड्काले नारायणबहादुर बस्नेतलाइ मार्ने उद्धेश्यले कुटपिट गरी घाइते बनाएको हो भन्ने **रुकमणी बस्नेतको कागज ।**

(५) धादिङ जिल्ला , गुम्दी गाउँ विकास समिति वडा नं ९ स्थित मृतक नारायणबहादुर बस्नेतको घरको पिढीमा रहेको मृतक लासको मुख बन्द अवस्थामा रहेको दुवै हात अर्धमुठी अवस्थामा रही शरीरको अन्य भाग सामान्य अवस्थामा रहेको भन्नेसमेत बेहोराको **लासजाचँ मुचुल्का ।**

(६) मृतकको मृत्युको कारण old Blunt force injury to head भन्ने **शव परीक्षण प्रतिवेदन ।**

(७) प्रतिवादीको कुटपिटबाट घाइते भई बेहोस भएका मृतक होसमा नै नआई सो चोटपीडाको कारण मृत्यु भएको भनी बुझिएका रमा कार्की, विनोद अधिकारीले गरी दिएको एकै **मिलनको कागज ।**

(८) प्रतिवादी बलराम खडकालाई मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(९) प्रतिवादी बलराम खडकाले धादिङ जिल्ला अदालतमा गरेको **बयान ।**

**प्रश्न नं. ५९**

(१०) धादिङ जिल्ला अदालतको **फैसला ।**
(११) उच्च अदालत पाटनमा **प्रतिवादी बलराम खडकाले दिएको पुनरावेदन पत्र ।**